स्थानीय सरकार
# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
करैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्या:-०८२/८३
चलानी नम्बर:- ९०१

मिति:-२०८२/०४/२१

*श्री सबै सामुदायिक विद्यालय तथा मदरसाहरु,*
मायादेवी गाउँपालिका, रुपन्देही।

विषय:- दिवा खाजा व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा विगत वर्षहरुदेखि नै सँघीय सशर्त बजेट तथा कार्यक्रम अन्तर्गत सबै *सामुदायिक विद्यालय तथा मदरसाहरु*मा **वालविकास देखि कक्षा ५ सम्म** अध्ययनरत बालबालिकाहरुलाई बिद्यालयहरु मार्फत प्रति दिन, प्रति बिद्यार्थी रु१५/का दरले बार्षिक १८० दिन दिवा खाजा खुवाउने कार्य व्यवस्थापन हुँदै आएकोमा यस आ.व.२०८२/२०८३ देखि बिद्यालयहरु मार्फत प्रति दिन, प्रति बिद्यार्थी रु२०/का दरले बार्षिक १८० दिन दिवा खाजा खुवाउने कार्य व्यवस्थापन विद्यालय मार्फत गर्ने गरी कार्यक्रम तथा बजेट प्राप्त भएको व्यहोरा अवगत नै छ। सो कार्यक्रमलाई अधिकतम रुपमा प्रभावकारी तवरले सँचालन गर्न शिक्षा तथा मानव स्रोत केन्द्र बाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/२०८३, दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण कार्यविधि, २०७६, परिमार्जन सहित र विद्यालयमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्रारुप २०८१ का प्रावधान र प्रकिया लाई अनिवार्य रुपमा ध्यान दिई अर्को मेनु निर्माण नहुदाँ सम्म प्रयोगमा रहेकै मेनुलाई आधार मानी तोकिएका खाजा व्यवस्थापन मोडेलहरु मध्ये यथासम्भव बिद्यालयबाटै व्यवस्थापन हुने व्यवस्था मिलाउनु हुन अनुरोध छ । केही विद्यालयले दिवा खाजा कार्यक्रम सँचालन नगरेको भन्ने गुनासो समेत प्राप्त भएकोले तत्काल दिवा खाजा कार्यक्रम सँचालन गर्नुहुन अन्यथा खाजा कार्यक्रम सँचालन नगर्ने प्र.अ.लाई कानुन बमोजिम हुने व्यहोरा जानकारी गराईन्छ ।

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत